

# सफल ढाका उद्यमीः कल्पना योङहाङ (लिम्बू)



- लक्ष्मी बस्नेत

**मध्यम वर्गीय परिवार**मा जन्मिनुभएकी कल्पना लिम्बू अहिले ढाकाविद् र सफल महिला उद्यमीका रूपमा परिचित हुनुहुन्छ। उहाँको सामाजिक काम र राजनीतिक जिम्मेवारी पनि त्यत्तिकै अघि बढिरहेको छ । आमा जसरानी लिम्बू र बुबा सुभानसिंह लिम्बूको कोखबाट थर्पु-७, पाँचथरमा उहाँको जन्म भएको थियो । आफ्नो पढाइ गाउँकै ऐंसेलु प्राथमिक विद्यालयबाट शुरु गर्नुभयो । आमा र बुबा दुवैमा छोरीलाई पढाउनुपर्छ भन्ने सोचाइ भएकाले विद्यालय जानका लागि उहाँलाई तत्कालीन अवस्थामा पनि कुनै अप्ठ्यारो भएन । छोरी भए पनि पढ्न जानकै लागि अथवा घर बाहिर निस्किन सहज थियो उहाँलाई । तर पढाइलाई भने विवाहका कारण अघि बढाउने अवस्था भएन ।

२०३४ सालमा १४ वर्ष भएपछि कल्पनाको विवाह भयो । उहाँ भन्नुहुन्छ, 'विवाह गरेसँगै परम्परा अनुसार माइती घर छोड्नु पर्‍यो, त्यससँगै पढाइ पनि माइती घरमै टुङ्गियो । बिहेपछि पनि पढाउने कुरा भएको भए पनि बिहे गरेर गइसकेपछि कसैले पढ पनि भनेनन्, आफैं स्कूल जाने अवस्था पनि भएन ।'

बाल विवाहले पढाइ मात्र अन्त्य गरेन, दुःख र सङ्घर्षका दिन पनि बिहेसँगै शुरु भएको ठान्नुहुन्छ उहाँ । उहाँले खाना पकाउन पनि बिहे गरेपछि नै सिकेको हो । बिहे भएको दुई वर्षमै पहिलो बच्चा छोरा जन्मियो, जतिबेला उहाँ १६ वर्षको मात्र हुनुहुन्थ्यो । नयाँ घर, नयाँ परिवेश आफैं घरपरिवार र समाजसँग घुलमिल भइ नसक्दै बच्चा जन्मियो । तर 'किन हो कुन्नि त्यति बेलादेखि नै श्रीमान्को साथ सहयोग भएन । दुःखैले व्यवहार गर्दै छोरा हुर्किंदै गयो । श्रीमान् धेरै धरानतिर बस्ने, घरमा कहिलेकाहीँ मात्रै आउने ।' दुःख र एक्लो महसुस गर्दै दिनहरू बित्दै गयो, ६ वर्षपछि अर्थात आफू २२ वर्षको हुँदा छोरी जन्मिइन् । दुई वटा बच्चा हुर्काउनु सजिलो पक्कै थिएन । तर श्रीमान्को सहयोग भने कहिल्यै पनि पाउनुभएन । दुःखसुख आफैँले दैनिक कामकाज र बच्चाबच्ची लालनपालन गर्दै जीवन अघि बढाउन बाध्य हुनुपर्‍यो ।

उहाँ आमाबुबाको काख र जन्म घरमा बस्दासम्म सुखसयलमै हुर्किनुभयो । छोरी भए पनि केही त गर्नुपर्छ भन्ने प्रेरणा आमा र बुबा दुवैबाट पाइरहनुहुन्थ्यो । आमा शिक्षित त होइन तर पनि छोरीले घरको काममा मात्र सीमित हुनुहुँदैन । घर बाहिरको काम पनि गर्नुपर्छ, आफ्नो खुट्टामा आफैं उभिनुपर्छ भनेर सिकाइ रहने आमाबाबुको अर्तीले श्रीमान्को सहयोग नपाए पनि अघि बढ्न सकेको जस्तो लाग्छ उहाँलाई । समाजसेवा र घरबाहिर पनि केही गर्नुपर्छ भनेर सिकाइरहने आमा त्यो

बेलाका धेरै आमा/हजुरआमाभन्दा उच्च विचारको हुनुहुन्थ्यो । समाजका लागि धेरै गर्ने समाजसेवी बुबा ब्रिटिस आर्मीबाट अवकाश लिएर फर्किएपछि गाउँकै विद्यालयमा पढाउनुहुन्थ्यो । बाँकी समय समाजसेवामा बिताउने र छोरी (कल्पना) लाई पनि यसप्रति प्रेरणा र हौसला दिइरहनु हुन्थ्यो ।

बुबा तत्कालीन शिक्षक सङ्गठनमा हुनुहुन्थ्यो, नेता कार्यकर्ता आइरहने भएकाले राजनीति बुझ्न र मान्छे भेटघाट भइरहने भएरै उहाँले राजनीति सिक्नुभयो । दिउँसो घरको काम र राति राजनीति गरेको वर्षौंको अनुभव छ उहाँसँग । भूमिगत राजनीति गरेको हुँदा राजनीति गर्दाको उहाँलाई पार्टीमा बोलाइने नाम 'आशा' थियो । तत्कालिन (नेकपा माले ) पार्टीमा लाग्नु भएको थियो ।

छोराछोरी हुर्किंदै गए । एक्लैले सबै व्यवहार गर्नुपर्दा भने निकै कठिन हुन्थ्यो । दिनभरि घरको काम सक्ने र राति बच्चाबच्चीसँग बसिदिने कोही हुँदैनथ्यो । समाज परिवर्तनका लागि केही गर्ने बाटो राजनीति हो भन्ने लागेर शुरु गर्नुभएको राजनीति बिस्तारै घरमा थाहा हुँदै गयो । श्रीमान् र उहाँको घर काँग्रेस समर्थक थिए । आफ्नो राजनीतिक धार कम्युनिष्ट तर घरको आस्था काँग्रेसमा भएकाले राजनीति पनि दुई धारको थियो, एउटै घरमा ।

भूमिगत अवस्थामा थुप्रै नेताहरूसँग भेट हुन्थ्यो, केही महिला नेताहरू पनि भेटिन्थे । आफ्नै गाउँठाउँकै अथवा आफूसँगैका भने एकदुई जना थिए तर अहिले उनीहरू कता छन् भन्ने थाहा छैन उहाँलाई । राजनीतिको स्वाद आफूमा राम्रोसँग बसिसकेको थियो । देशको शासन सत्ता परिवर्तनका लागि रातिराति गरेको राजनीतिको अर्थ र महत्व राम्रैसँग बुझिसकेकोले २०३६ सालको जनमत संग्रहमा बहुदलको पक्षमा भोट हालेपछि राजनीतिक महत्व झन् बढेको जस्तो महसुस भयो । समय भएसम्म राजनीतिमा बिताउन थाल्नुभयो । पछिपछि त लुकेर गरेको राजनीति बाहिर धेरैलाई थाहा भयो ।

उहाँ सङ्गठित हुन थालेको २०४० सालदेखि हो । त्यतिबेला अनेमसङ्घको सदस्यता लिनुभएको थियो । जुन बेला कम्युनिष्टको 'क' भनेको थाहा पाए पनि मार्ने बेला थियो । चुनौतीपूर्ण क्षेत्रमा आफू लागेको भन्ने थाहा नभएको होइन तर कसैको डरले राजनीति छोडिंदो रहेनछ, उहाँ आफ्नो अनुभव बताउनुहुन्छ-बरु आत्मविश्वास र दृढता बढ्दो रहेछ । अहिले पनि हरेक चुनौति पार गर्ने आँट त्यति बेलाको राजनीतिकै कारण आइरहेको होला भन्ने लाग्छ उहाँलाई ।

२०४२/४३ सालतिर ताप्लेजुङको सिकैचा भन्ने आफ्नै गाउँमा भूमिगत राजनीति गर्नेहरूका लागि सेल्टर घर उहाँ आफैले तयार गरिदिनु भयो। पार्टीका धेरै नेता कार्यकर्ता त्यहाँ भेला भएर पार्टी राजनीतिमार्फत देश र जनालाई फेर्ने कुरा गर्थे, योजना बनाउँथे। जिम्मेवारी बाँडफाँड हुन्थ्यो। त्यो बेला घरपरिवार, सानो बच्चासँगै राजनीति गर्नु पक्कै पनि सजिलो थिएन, अझ कम्युनिष्ट राजनीति। परिवारको दुई धारको राजनीतिले झन् केही अप्ठयारो थपिदियो।

राजनीति गर्नेहरूलाई घरमा धान, कोदो जे छ, त्यही दिनुपर्ने। घरमा जे पाक्यो त्यही खुवाउनुपर्थ्यो अनि एक रुपैयाँ लेबी पनि तिर्नुपर्थ्यो। दिनभरि काम गऱ्यो, बेलुकाको खाना खाने खुवाउने अनि बच्चा सुताएर पार्टीको काम हुन्थ्यो। राति बच्चा हेर्न दिदी राखेर हिँड्ने गर्नुहुन्थ्यो। गाउँमा बुहारी भएर राजनीति गर्नु सजिलो पक्कै थिएन तर देश र जनताका लागि काम गर्नुपर्छ। घरपरिवार त्यो भन्दा तलै हो भन्ने लाग्थ्यो उहाँलाई।

राजनीतिले उद्योग र सामाजिक क्षेत्रलाई पनि सहज बनाइदियो उहाँको अनुभवमा। धेरैको देख्दा लाग्थ्यो, कुनलाई छोड्ने कुनलाई लिएर अघि बढ्ने। तर उहाँलाई राजनीतिले अरु काम गर्न कत्ति पनि अप्ठयारो भएन। बरु उद्यमशीलता र सामाजिक सेवा जोड्न राजनीतिले झन् सजिलो बनायो। छोरी र छोरा ठूला हुँदै गए, पढाउन आयआर्जनका लागि केही न केही गर्नुपर्ने भयो। के गर्ने भन्ने सोच्दै गर्दा विराटनगरतिर बस्दा अलि सजिलो होला भनेर २०४७ सालतिर मोरङमा सानो घर किनेर बस्न थाल्नुभयो। त्यहींबाट सानोतिनो व्यापार पनि शुरु गरेको स्मरण गर्नुहुन्छ। राजनीति नै गर्न पनि विराटनगरमा बसेर निकै सजिलो भयो। विराटनगरमा त्यस्ता वैचारिक किताबहरू पत्रपत्रिका, सजिलै पाइने। उहाँ, कालमार्क्सका दर्शनहरू र महिला मुक्तिका किताबहरू खोजी खोजी पढ्नुहुन्थ्यो।

काठमाडौं आउने जाने त पहिलेदेखि हुन्थ्यो तर २०५५-०५६ सालदेखि काठमाडौंको बसाइ शुरु भयो। काठमाडौंमा पनि राजनीति र व्यवसायलाई सँगसँगै लैजानुभयो। काठमाडौंको राजनीति जोरपाटी गाउँ कमिटीबाट शुरु गर्दै काठमाडौं क्षेत्र नम्बर ३ को क्षेत्रीय कमिटी ३ नम्बरकै अनेमसङ्घको अध्यक्ष र जिल्ला कमिटीमा दुई कार्यकाल काम गर्नुभयो। राजनीतिक शुरुवात ताप्लेजुङ भए पनि अहिले सबै थोक काठमाडौंमै बसेर गरिरहनुभएको छ।

उद्योग खोल्नुभन्दा पनि आर्थिक उपार्जनका लागि धेरै दुःख गर्नुभयो कल्पनाले । काठमाडौं आएका शुरुका दिनहरूमा एकपछि अर्को गर्दै विभिन्न व्यवसाय अंगाल्नुहुन्थ्यो । खासाबाट चाइनिज सामान ल्याएर बेच्नुभयो । त्यसपछि पाकिस्तानबाट छालाका ज्याकेटहरू बेच्नुहुन्थ्यो । फर्निचर उद्योग पनि खोल्नुभयो उहाँले । यी सब दुःख गर्नुको उद्देश्य छोराछोरीलाई राम्रोसँग पढाउनु थियो । हुन पनि त्यतिबेलाको महंगो र नाम चलेको लिटिल एन्जल्समा छोरी र ज्ञानोदयमा छोरालाई पढाउन सफल हुनुभयो ।

अहिले भएको उद्योग २०६२ सालमा शुरु गर्नुभएको हो । दर्ता भने शुरु भएको दुई वर्षपछि २०६४ सालमा गर्नुभयो । 'द हाइल्याण्ड आर्ट' नाम राखेर अहिले सञ्चालित उद्योग जोरपाटीमै दर्ता गर्नुभएको हो । परम्परागत व्यवसाय ढाका लोप हुँदै जान थालेको भन्दै यसलाई व्यावसायिक र नेपालको एउटा पहिचान बनाउने उद्देश्यले ढाका उद्योग शुरु गर्नुभयो । उहाँको उद्योगमा झण्डै डेढसय जनाले रोजगारी पाएका छन् । उहाँबाट तालिम लिएका धेरैले आफैं काम गरेर आत्मनिर्भर भइरहेका छन् कतिपयले उद्योग पनि खोलेका छन् ।

आफूले उत्पादन गरेका सामानहरू बेचेर केही प्रतिशत छुट्टयाएर वर्षको २ जनालाई छात्रवृत्ति दिएर पढाइरहनु पनि भएको छ । त्यसैले 'आर्थिक, सामाजिक र राजनीतिक तीन वटै क्षेत्रलाई सँगै ल्याइरहेको छु' भन्न चाहनुहुन्छ उहाँ । ढाका बुनाइमा पनि नयाँपन दिन चाहनुहुन्छ । त्यसैले विभिन्न डिजाइनहरू आफैं गरेको पनि ६ वर्ष भयो ।

ढाकाको डिजाइनकै लागि उहाँले स्वदेश तथा विदेशमा गई तालिम लिनुभएको छ । सिटिइभिटीबाट टेक्सटायल इन्जिनियर सरह तालिम लिएको र जुन प्रमाणपत्रले विभिन्न देशमा गएर अथवा विदेशीलाई नेपालमा पनि तालिम दिन उहाँले पाउनुहुन्छ । त्यस्तै आफूलाई पोख्त बनाउनका लागि 'कलर म्याचिङ' मा अमेरिकाबाट तालिम लिनुभएको छ भने बेलायतबाट ढाकाको 'फेसन सो' सम्बन्धी तालिम पनि लिनुभएको छ । त्यसैअनुसार नेपालका झण्डै दुई दर्जन ठाउँमा फेसन सो पनि गरिसक्नु भएको छ । आफ्ना उत्पादनहरू विश्व बजारमा पुऱ्याउने क्रममा यूरोपका प्रायः सबै देश र एशियाका झण्डै एक दर्जन राष्ट्रसम्म आफैं सामान बोकेर पनि उहाँ जानुभएको छ ।

उद्योगलाई अगाडि बढाउन अहिले पनि २२ घण्टा खटिरहेको उहाँ बताउनुहुन्छ, कम्तीमा १८ घण्टा समय र तनमन चौबीसैं घण्टा दिएर यो अवस्थामा पुऱ्याएको उहाँको भनाइ छ। शुरुका केही वर्ष उत्पादनले बजार पाउन कठिन थियो तर अहिले बजारको माग धान्नै सकिएको छैन। उहाँलाई खुशी पनि लाग्छ, आफूले शुरु गर्दा ढाका उद्योग सफल हुन्छ नै भन्ने निश्चित थिएन तर अहिले यो उद्योग आयआर्जनको राम्रो माध्यम हुन सक्छ भन्ने विश्वास सबैमा भइसकेको छ।

हुन त यसरी तान बुन्नु लिम्बू जातिको जातीय तथा परम्परागत पेशा पनि हो। विगतमा सबैका घरमा हुन्थे। त्यसैलाई निरन्तरता दिन पनि उहाँले काठमाडौंमा ढाका कपडाकै उद्योग खोलेको बताउनुहुन्छ।

उहाँले १० वर्षअघि एउटा महिला सहकारीबाट १५ हजार ऋण लिएर उद्योग शुरु गर्नुभएको हो। अहिले उद्योगको सबै सम्पत्ति र कर्मचारीमा गरिने खर्चसमेत जोड्दा अहिले ३ करोडभन्दा बढी भएको बताउनुहुन्छ। एउटा तानबाट दुईवटा तान, दुई वटाबाट तीन वटा गर्दै बढाउँदै लगेको पुँजी हो, उहाँको।

त्यसैले उहाँ विशेष गरी महिला दिदीबहिनीहरूलाई समयको मागअनुसार हजार लगानी गरेर केही काम थाले पनि त्यसैबाट बढाउँदै हजार, लाख हुँदै करोडसम्म पुऱ्याउन सकिने हुँदा आत्मविश्वासका साथ काम गर्नुपर्ने सुझाव पनि दिनुहुन्छ।

उहाँले लुगामा नयाँपन दिँदै विभिन्न जातजातिका महिला, पुरुष र बच्चाहरूको कपडाहरू ढाकाबाट बनाइरहनुभएको छ। जस्तैः ढाका साडी, सल, लेहेंगा, वान पिस, ढाका गाउन, पुरुषहरूका लागि दौरा सुरुवाल, कोट, लामो कोट, ज्वारीकोट, स्टकोट, टाई सर्ट, टोपी, महिला पुरुष दुवै लगाउने जुत्ता, कोट, मफलर, स्कार्फ छन् भने बच्चालाई हुने पनि यस्ता सामानहरू उत्पादन भइरहेका छन्। त्यसका साथै झोलाहरू, विभिन्न प्रयोजनका लागि रुमाल आदि पनि उत्पादन हुन्छ। यो परम्परागत व्यवसाय भएकाले यसलाई टिकाउनका लागि पनि कतिपय मागअनुसार र कतिपय आफैंले विभिन्न डिजाइन निकालेर बनाइरहनु भएको छ। नयाँ डिजाइन र नयाँ बुट्टाहरूको लागि जहिले पनि सपना देखिरहने उहाँ समय र उपभोक्ताको अर्डरअनुसार काम गरिरहेको बताउनुहुन्छ। उहाँले ६०/७० वटा डिजाइन आफैंले नयाँ बनाउनुभएको छ। कपडामा बुट्टाहरू पनि कल्पना गर्दै बनाउनुहुन्छ। कपडामा राखिएका कतिपय बुट्टाका अर्थ पनि हुन्छन्।

उत्पादित सामानहरू ५० रुपैयाँदेखि ३२ हजारसम्मका छन् । माग भएमा त्योभन्दा बढी मूल्यको पनि बनाउन सकिन्छ । डिजाइन र बुटटाका आधारमा मूल्य निर्धारण हुन्छ । उहाँका उत्पादनहरू सानो बच्चादेखि किशोर किशोरी तथा बृद्धबृद्धाले पनि लगाएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले पनि उहाँले उत्पादन गरेको ढाका कपडा साडीहरू लगाउने गर्नुभएको कल्पना बताउनुहुन्छ । बलिउडका कलाकारहरूले पनि उहाँको उत्पादन लगाइरहेका छन् ।

पछिल्लो समय विद्यालयका शिक्षकहरूले पनि ढाका उत्पादनलाई पोशाकका रूपमा लगाइरहेका छन् । गोकर्णकै स्वर्णशिक्षा अङग्रेजी विद्यालयका शिक्षिकाहरूले साडी र शिक्षकहरूले सर्ट विद्यालय पोशाकका रूपमा लगाइरहेका छन् । उहाँको चाहना पनि यस्तै हो, विद्यालयमा शिक्षकहरूले ढाका कपडाका उत्पादनहरू लगाइदिए भने विद्यार्थीहरूले स्वत: यसको महत्व बुझ्छन् । उहाँले कपडाको डिजाइन निकाल्नका **लागि १० हजार घण्टाको** ढाका कपडा बनाउने तथा डिजाइन सम्बन्धी तालिम पनि लिनुभएको छ ।

माग अनुसार सामान उत्पादन गर्ने र ती उत्पादित वस्तुलाई प्रवर्द्धन गर्न फेरि विभिन्न ठाउँमा देखाउने गरी फेसन सो गर्ने उहाँको योजना छ । उहाँले ढाका कपडालाई उत्पादनका साथै साहित्यसँग पनि जोड्नुभएको छ। ढाकासँग सम्बन्धित विषयमा मनमा लागेको साहित्य (गीत, कविता) दर्जनौं लेखी सक्नुभएको छ । जुन उद्यमशिलताभन्दा फरक भए पनि ढाका कपडासँग जोड्ने उहाँको लक्ष्य हो ।

कल्पनाले उत्पादिन सामानलाई दर्जनभन्दा बढी देशमा पुर्याईसक्नु भएको तर उहाँको चाहना नेपालमै उपयोग गर्ने र सरकारी प्रयोजनमा सबै नेपाली उत्पादन हुनुपर्छ भन्ने अभियानमा पनि हुनुहुन्छ। स्वदेशी उत्पादनलाई सरकारले कमसेकम औपचारिक कार्यक्रम तथा कर्मचारीको पोशाकमा अनिवार्य प्रयोग गराउनु पर्ने उहाँको सुझाव छ । त्यसका लागि आवश्यक नीति नै ल्याउन उहाँले वकालत पनि गर्दै आउनु भएको छ ।

ढाका कपडाकै विषयमा गहिरो अध्ययन, अनुसन्धानमा पनि ६, ७ वर्षदेखि लागिरहनु भएका उहाँ चाँडै नै किताब नै प्रकाशित गर्ने तयारीमा पनि हुनुहुन्छ । यससम्बन्धी सैद्धान्तिक शिक्षा लिनका लागि सिक्ने ठाउँ (स्कूल) खोल्ने योजना पनि उहाँले बनाइरहनु भएको छ भने आफ्नो अध्ययन, अनुसन्धानलाई निरन्तरता दिँदै यो विषयमा पिएचडी गर्ने लक्ष्य पनि उहाँको छ ।

लायन्स क्लबमा आबद्ध कल्पना आफ्नै जातीय अधिकारका लागि काम गर्ने किराँत याक्थुम चुङलुङमा पनि लामो समयदेखि काम गरिरहनुभएको छ। आफैँ अध्यक्ष भएको आदिवासी विकास समाज नेपाल पनि छ। यसले २०६३ सालदेखि नै महिलाहरूलाई सीपमूलक तालिम दिने तथा अरु खालका सहयोग गर्ने गरिरहेको छ। गत वर्षको भूकम्पपछि पीडित दुई हजारभन्दा बढीलाई यही संस्थामार्फत तालिम दिइसक्नु भएको छ। त्यस्तै बेचिएर फर्किएका, विभिन्न कारणले दुःख पाएका तर केही गर्न चाहने महिलालाई पनि निःशुल्क सहयोग गरिरहनु भएको छ।

स्वेदशी उत्पादनको प्रयोग गर्नुपर्ने भन्ने अभियानमा उहाँ हुनुहुन्छ। यसका लागि कपास खेती हुने जिल्लाहरूमा कपास खेती गर्न प्रवर्द्धन गर्नुपर्छ र कपास व्यवसायले पनि धेरैलाई रोजगारी दिन्थ्यो। अहिले नेपालमा झण्डै ९० प्रतिशत धागो भारतबाट ल्याएर कपडा बुन्नुपरेको छ। सकेसम्म ढाकाको उत्पादनका लागि आवश्यक पर्ने धागोमा पनि आत्मनिर्भरताको बाटो खोज्न सक्नुपर्ने उहाँको भनाइ छ।

उहाँ राजनीतिक क्षेत्रमा नेकपा एमालेको केन्द्रीय उद्योग विभागमा सदस्य हुनुहुन्छ अहिले। त्यस्तै पार्टीआबद्ध उद्योग महासङ्घका संस्थापक र लोकतान्त्रिक जनजाति महासङ्घमा पनि आवद्ध हुनुहुन्छ। तर महिला उद्यमीका रूपमा बढी परिचित उहाँले सयौं सानाठूला पुरस्कार र सम्मानहरू पाउनुभएको छ। उहाँकी छोरी अहिले दक्षिण कोरियामा कार्गो व्यवसाय र रेष्टुरेन्ट चलाउँछिन्। छोरा नेपालमै छ, पर्यटन र ढाकासँग जोडेर काम गर्दै छ। ठूलो सङ्घर्षले अहिलेको ठाउँमा आइपुगेको बताउने उहाँ सङ्घर्षदेखि कहिल्यै डराउनु नहुने बताउनुहुन्छ।

सङ्घर्षमा कसरी अघि बढ्नुपर्ने रहेछ त ? जवाफ छ, दृढ विश्वास र एउटा लक्ष्य लियो भने जीवनको कुनै पनि क्षेत्रमा अघि बढ्न सकिन्छ। कहिल्यै पनि दुःखसँग हार्न हुँदैन, जस्तो पर्दा पनि उहाँ आत्तिनु भएन। अरु कसैलाई दोष दिनुभन्दा पनि आँट गरेर काम गर्नुपर्छ। उहाँको जीवन भोगाइले यसै भन्छ। थोरै पैसाले पनि अप्ठ्यारो नपरेको होइन तर हार खानु भएन। आत्मविश्वास, आँट र निरन्तरताले करोडौँको उद्योग बनाउन सफल उहाँ सफल महिला उद्यमीका रूपमा परिचित हुनुहुन्छ।